**「मियागी BA.5 बाट बच्ने उपायलाई सुदृढीकरणको घोषणा」**

**सम्बन्धमा प्रान्तका नागरिकहरूमा सबैजनामा अनुरोध**

यस प्रान्तमा फैलिएको नयाँ कोरोना भाइरसको नयाँ भेरियन्टको पोजेटिभ देखिएका मानिसको संख्या, जुलाई महिनाबाट बढ्दै गईरहेकोले, भाइरसको प्रवृत्ति परिबर्तन भै, जुलाई 29 तारिक सम्ममा बिगतको भन्दा उच्च बिन्दु पारगरि 3,711 व्यक्ति रेकर्ड गरिएको छ र, बिरामीहरूको संख्या पनि दिनहुँ जसो उच्च रेकर्ड राख्ने क्रम निरन्तर बढीरहेको हुनाले, अहिले सम्म अनुभव नगरिएको संक्रमण फैलिने क्रमको सामना गरिरहेका हुँदा, चिकित्सा संस्थानहरुमा पनि बिरामीको चाप बढ्दै गएको हुँदा, अत्यन्तै गम्भीर अवस्थामा आईपुगेको छ ।

यदि संक्रमण अवस्था यही क्रमले निरन्तर बढीरह्यो भने, अस्पताल शैयाको संख्या छिट्टै भरिभराऊ हुने चिन्तालाई माध्यनजर राख्दै सरकारी कार्यदलले 「सामाजिक आर्थिक गतिविधिलाई कायम राख्दै संक्रमण फैलावट रोकथामको उपायहरु लागुगर्न सबै  प्रिफेक्चरहरूलाई सहयोग」 गर्ने निर्णय गरिएको छ। यो सँगै, चिकित्सा संस्थानहरुमा चापको संख्या निश्चित स्थर भंन्दा बढेकोले प्रिफेक्चरहरुमा, आफ्नो आफ्नो क्षेत्रको वास्तविक स्थिति अनुसार निर्णय गरि, 「BA.5 बाट बच्ने उपायलाई सुदृढीकरणको घोषणा」 गर्नुका साथै, नागरिकहरु र व्यवसायीलाई सहयोगको लागि अनुरोध तथा आह्वान गर्ने र त्यस्ता प्रयासमा राष्ट्रले सहयोग गर्ने निर्णय गरेको छ ।

यस प्रान्तमा हालको चिकित्सा संस्थानमा बढेको चापको अवस्थाको अतिरिक्त, गर्मी बिदा, ओबन बिदाको अवधिमा मानिसहरुको हिडडुलमा वृद्धिको कारण अझ बढी संक्रमण फैलिने उच्च जोखिमलाई ध्यानमा राख्दै, फेरीपनि प्रीफेक्चरका नागरिकहरूलाई आधारभूत संक्रमण नियन्त्रणका उपायहरू राम्रोसँग लागू गर्न आग्रहका साथै, व्यापार ब्यबसायीहरु समक्षमा संक्रमणको जोखिम कम गर्न उपयुक्त उपायहरु चाल्न अनुरोध गरि, 「BA.5 बाट बच्ने उपायलाई सुदृढीकरणको घोषणा」 गर्ने कार्य गर्दछौ ।

यस प्रान्तका सम्पूर्ण नागरिक तथा व्यापार ब्यबसायीहरु समक्ष, यसपटकको घोषणा चाँही सामाजिक आर्थिक गतिविधिलाई कायम राख्दै र चिकित्सा सस्थांनमा भएको चापलाई कम गर्ने अनुकूलताको लक्ष राख्दै, अमूल्य जीवनको रक्षाको लागि पनि हो भन्ने कुरा बुझिदिन हुन्छ भन्ने आग्रहको साथै, संक्रमणको जोखिम न्यूनीकरण गर्ने तर्फ र थपरुपमा, संक्रमण रोकथामका उपायहरू पूर्णरूपमा लागू गर्नको लागि तपाईहरूको सहयोगको लागि हार्दिक अनुरोध गर्दछौं ।

2022 अगष्ट 5 तारिक

मियागी प्रान्त नयाँ कोरोनाभाइरस संक्रामक रोग नियन्त्रण मुख्यालय

महाप्रबन्धक  मुराई योशिहिरो